
स्थानीय सरकार

आठबिसकोट नगरपालिका

सबैको लागि दिगो खानेपानी , सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजना,

रुकुम पश्चिम भाग कर्णाली प्रदेश

०८२ श्रावण




आर्थिक वर्ष २०८१/८२ को

# वार्षिक

# प्रगति प्रतिवेदन

नि. प्रमुख प्रशासकीय अधिकृत

## बिषय सूची


आर्थिक वर्ष२०८०/८१को प्रगतिको सारांश ........ 3

1. आर्थिक प्रगति सारांश ........ 3

2. भौतिक प्रगति सारांश ........ 4

नतिजा १: आयोजना संचालित पालिकामा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा र लैंगिक, अपांगता तथा सामाजिक समावेशीकरणका लागि सक्षम/सबल वाताबरण र शासन सुदृढिकरण भएको हुनेछ। ........ 4

नतिजा २: आयोजना संचालित पालिकाहरुमा जलवायु उत्थानशिल, सुरक्षित र नियमित खानेपानी आपूर्ति भएको हुनेछ। ........ 5

नतिजा३: दिगो सरसफाइ तथा स्वच्छता र मर्यादित महिनावारी व्यवस्थापन ........ 5

आर्थिक वर्ष२०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन ........ 6

१ पृष्ठभूमि ........ 6

२. लक्ष्य बमोजिम उपलब्धी ........ 7

२.१ खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको कार्यन्वयन प्रगतिः ........ 7

२.१.१. खानेपानी, सरसफाइ तथा स्वच्छता गुरु योजनाको कार्यन्वय सम्बन्धि महत्वपूर्ण प्रगतिहरु: ........ 7

२.१.२. योजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु: ........ 7

२.२ भौतिक प्रगति ........ 7

तालिका २.१: यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी ........ 8

तालिका २.२: यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु ........ 8

तालिका२.३: लक्ष्य बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण ........ 10

तालिका२.४: क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश ........ 11

अनुगमन तथा प्रतिबेदन ........ 12

तालिका३.२: नगरपालिकाबाट आयोजनामा पेश भएका प्रतिवेदनहरु ........ 12

तालिका३.३: अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन ........ 13

प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 13

तालिका ४.१: आठबिसकोट नगरपालिका/नगरपालिका खानेपानी , सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति तथा वास इकाइको बैठक तथा निर्णयहरु ........ 14

तालिका ४.२ यस आर्थिक बर्षमा परिचालन गरिएका स्थानीय स्रोत व्यक्तिहरुको सुची ........ 15

नीति तर्जुमा ........ 16

आठबिसकोट नगरपालिकाले नगरसभामा आर्थिक वर्ष २०८२/०८३को आय तथा व्ययको अनुमान बजेट वक्तव्य प्रस्तुत भएको नगरपालिकाबाट खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रगतिको शारांश ........ 16

४. सहकार्य ........ 17

तालिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु ........ 17

अनुसूची १: यसआ.व.मा संचालित योजनाहरुको विवरण ........ 18




रे.उ.केसी

नि. प्रमुख

अनुसूची२.१: यसआ.व.मा संचालित तालिमहरुको बिवरण ........ 19
खानेपानी योजना चरणवद्ध कार्यपद्धति बमोजिमका तालिम ........ 19
सरसफाइ, स्वच्छता, महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु ........ 20
स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभा र लगायत प्राविधिक तालिमहरु ........ 20
आठबिसकोट नगरपालिका/नगरपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु ........ 20
अनुसूची२.२: गतवर्ष २०७९।०८०सम्मको पेश्की / वेरुजु बाँकीकोअवस्था : ........ 21
अनुसुची २.३ अन्य उल्लेखनीय सफल अभ्यासहरु तथा नवीनतम पक्षहरु ........ 22
अनुसूची २.४ आगामी आर्थिक बर्षको लागि कार्यदिशा ........ 22
अनुसूची ३ : नगरपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 23
सफलताको कथा १ ........ 23
"गरिबीबाट गरिमामा – गारापाखाको परिवर्तनको यात्रा" ........ 23
सफलताको कथा २ ........ 24
समावेशी नेतृत्व र साझा प्रयासको उत्कृष्ट नमूना — डाँडागाउँ खानेपानी तथा सरसफाइ योजना ........ 24
सफलताको कथा ३ ........ 25
महिला नेतृत्वमा साकार भएको सिमबजार खानेपानी तथा सरसफाइ योजना ........ 25
अनुसूची४: भिजिविलिटी ........ 26
अनुसूची ५: जनशक्ति विवरण ........ 26
सम्पादित क्रियाकलापहरुका तस्विरहरुका झलकहरु: ........ 27

# आर्थिक वर्ष२०८०/८१को प्रगतिको सारांश

| | |
|---|---|
| **स्थानीयतहकोनाम:** | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग |
| **परियोजनाकोनाम:** | सबैको लागिदिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना |
| **प्रतिवेदनकोसमयावधि:** | १ श्रावण२०८१ देखि३१आषाढ २०८२ (17 July 2024 To 2025 July15) |

## 1. आर्थिक प्रगति सारांश

| | शीर्षक | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.व. को कुल बजेट तथा खर्चको अवस्था**(रु. हजारमा) (दातृनिकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **पुँजीगत:** | 63283279 | NA | 43947678.45 | 69.45% |
| | **कार्यक्रम / चालु:** | 21804721 | NA | 13,543,587.81 | 62.12% |
| | **जम्मा:** | | | | |
| | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| **स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) | **स्थानीय तह** | 19100000 | 10955291.28 | 10955291.28 | 52 |
| | **नेपाल सरकार** | 46488000 | 38318453 | 38318453 | 82 |
| | **दातृ निकाय (GoF / EU)** | 19500000 | 8217521.98 | 8217521.98 | 42 |
| | **जम्मा (MWF):** | 85088000 | 57217521.98 | 57217521.98 | 67.56 |
| | उपभोक्ताको (Cash) | 1921664.24 | NA | 2259577.26 | 118% |
| | उपभोक्ताको (Kind) | 20712708.87 | NA | 11564382.8 | 56% |
| | **जम्मा (उपभोक्ता):** | 22634373 | NA | 13823960 | 61% |
| | **जम्मा:** | 107722373.1 | | 71315226.32 | 66% |
| **कुल जम्मा** | | 95,890,741.55 | | 6910478399 | 72.1% |

## 2. भौतिक प्रगति सारांश

**नतिजा १: आयोजना संचालित पालिकामा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा र लैंगिक, अपांगता तथा सामाजिक समावेशीकरणका लागि सक्षम/सबल वातावरण र शासन सुदृढिकरण भएको हुनेछ ।**

| क्षेत्र | आ.व. २०८१/८२ को लक्ष्य | आ.व.२०८१/८२को उपलब्धि | सुम्वा को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| वास व्यवस्थापन समिति गठन तथा परिचयात्मक गोष्ठी | १ | १ | १ |
| वासइकाइ कर्मचारी भर्ना | १ | १ | १ |
| वासइकाइ तालिम | १ | १ | १ |
| वासव्यवस्थापन समिति क्षमता विकास | १ | १ | १ |
| वासव्यवस्थापन समिति बैठक | १२ | १४ | १४ |
| वास इकाइ बैठक | १२ | १७ | १७ |
| १ दिने लैगिंक उत्तरदायि बजेट तयारी कार्यशाला गोष्ठी | १ | १ | १ |
| २ दिने लैगिंक उत्तरदायि बजेट तयारी कार्यशाला गोष्ठी | १ | १ | १ |
| पालिकामा मर्यादित महिनवारी व्यबस्थापननीति निर्माण कार्यशाला १ दिने | १ | १ | १ |
| वास प्लान अद्यावधिक गर्ने कार्य | १ | ० | ० |
| एन वास मोबाइल एप्लिकेसन तालिम सन्चालन | १ | १ | १ |
| खानेपानी सरसफाइ तथा स्वच्छता ऐन तयारी वा पुनरावलोकन | १ | १ | १ |
| बिधान, प्रमाणपत्र तयारी तथा प्रीन्ट | १ | १ | १ |
| खानेपानी तथा सरसफाइ उपभोक्ता समिती तालिम | १ | १ | १ |
| वास इकाई कर्मचारीलाइ खानेपानी संचालन तथा मर्मत सम्बन्धि तालिम २दिने | १ | १ | १ |
| आठबिसकोट नगरपालिकाका कर्मचारी, वडा कार्यालय, खापा उ.स. हरुका लागि मर्मतसम्भार सम्वन्धि १ दिने तालिम | १ | १ | १ |
| आठबिसकोट नगरपालिकाका कर्मचारीहरुका लागि १ दिने LISA सम्वन्धी अभिमुखिकरण | १ | १ | १ |
| AWIS - Annotated Water Integrity Scan कार्यशाला | १ | १ | १ |
| **अन्य सूचकांकहरु:** | | | |
| पूर्ण सरसफाइयुक्त खानेपानी योजना घोषणा | ० | ० | ० |
| खानेपानी आयोजना अन्तर्गतको पूर्णसरसफाइयुक्त घर संख्या | २५५ | १९० | १९० |
| School WASH (3 – Star model) | | | |
| १ – तारा पुगेको विद्यालय संख्या | ४ | ४ | ४ |
| २ – तारा पुगेको विद्यालय संख्या | ४ | ० | |
| ३ – तारा पुगेको विद्यालय संख्या | ४ | ० | ० |
| **तालिम, गोष्ठीतथाअभियानहरु:** | | | |
| खानेपानी, पानीगुणस्तर तथा स्वच्छता सम्बन्धि आयोजना स्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | १२ | १२ | १२ |
| खानेपानी, पानीगुणस्तर तथा स्वच्छता सम्बन्धि आठबिसकोट नगरपालिका तथा वडा स्तरमा सम्पन्न तालिम, गोष्ठी तथाअभियानहरु | ६ | ६ | ६ |

**नतिजा २: आयोजना संचालित पालिकाहरुमा जलवायु उत्थानशिल, सुरक्षित र नियमित खानेपानी आपूर्ति भएको हुनेछ ।**

| क्षेत्र | आ.व. २०८१/८२ को लक्ष्य | आ.व. २०८१/८२को उपलब्धी | सुस्वाको हालसम्मको उपलब्धी |
|---|---|---|---|
| खानेपानी आयोजनाको संख्या (IPC र IPC*) | १६ | १४ | १४ |
| खानेपानी आयोजनाको संख्या (IPO) | १६ | १४ | १४ |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | ४३७ | ४०४ | ४०४ |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | ४३७ | ४०४ | ४०४ |
| संस्थागत शौचालय (IPC र IPC*) | ४ | ४ | ४ |
| संस्थागत शौचालय (IPO) | ४ | ४ | ४ |
| सरसफाइ तथा स्वच्छता संरचनाहरु: | २५३ | २०२ | २०२ |
| हातधुने स्थान (घरसंख्या) | ४९४ | ५०२ | ५०२ |
| चांग (घरसंख्या) | ० | २०२ | २०२ |
| **गोष्ठी तथाअभियानहरु:** | | | |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी भौतिक क्रियाकलापहरु | ६ | ५ | ५ |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि समुदायस्तरमा गरिएको तालिम, गोष्ठीहरु | १० | १० | १० |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोपजोखिम न्यूनीकरण सम्बन्धि आठबिसकोट नगरपालिका तथा वडा स्तरमा गरिएको तालिम, गोष्ठीहरु | १ | १ | १ |

**नतिजा३: दिगो सरसफाइ तथा स्वच्छता र मर्यादित महिनावारी व्यवस्थापन**

| क्षेत्र | आ.व. २०८१/८१२ को लक्ष्य | आ.व.२०८१/८२को उपलब्धि | सुस्वाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| ३ दिने पूर्ण सरसफाइ तथा स्वच्छता सम्वन्धि प्रशिक्षक प्रशिक्षणतालिम | १ | १ | १ |
| सामुदायिक कार्ययोजना तयार गर्न पश्चात टिंगरिङ्गका कार्यक्रमसन्चालनका लागि वार्ड वास सि सि संग बैठक तथा कार्य योजना तयारी | १ | १ | १ |
| श्रव्य दृश्य सामाग्री तयार तथा वितरण | १ | १ | १ |
| मिस्त्रीहरुका लागि शौचालय निर्माण सम्वधि तालिम | १ | १ | १ |
| होर्डीङ्ग बोर्ड निर्माण तथा प्रदर्शन | १ | १ | १ |
| पालिका स्तरीय सप्लायर्स, खासस्व निकाय, वडा प्रतिनिधि को बिचमा कार्यशाला | १ | १ | १ |
| स्थानीय स्तरमा रहेका सप्लायर्स तथा व्यबसायीहरुबाट सरसफाइका सामाग्री तथा प्राबिधिक विकल्पहरुको सम्प्रेषण | १ | १ | १ |
| हात धुने स्थानको निर्माण तथा व्यबस्थापनको लागि समुदाय स्तरमा तालिम | १ | १ | १ |
| खासस्व सम्बन्धि विभिन्न दिवसहरु मनाउने ( विश्व चर्पी दिवस, बिश्वहात धुने दिवस, विश्व खानेपानी दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, मर्यादितमहिनावारी दिवस ई.) | १० | ५ | ५ |
| समुदायस्तरको अनुगमन समितिबाट समुदायको सरसफाइ अनुगमन | ८ | ८ | ८ |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| वि व्य स लाइ विद्यालय सरसफाइ सम्वन्धि अभिमुखिकरण र विद्यालय खासस्व समिति गठनर पुनर्गठन र तिन तारे पद्धति सम्वन्धि अभिमुखिकरणर तिन तारे पद्धति अनुसार स्वमुल्यांकन | ४ | ३ | ३ |
| विद्यालय खासस्व समिती गठनर पुनर्गठन | ४ | ३ | ३ |
| सामुदायिक विद्यालयहरुमा तिन तारे पद्धति सम्वन्धि १ दिने अभिमुखिकरण | ४ | ३ | ३ |
| बिद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप संचालनकोलागी सहयोग तथा सहजीकरण | ४ | २ | २ |
| १ दिने मर्यादित महिनावारी सम्वन्धि अगुवाहरुकालागि कार्यशाला गोष्ठी | १ | १ | १ |
| २ दिने मर्यादित महिनावारी सम्वन्धि अगुवाहरुकालागि तालिम | १ | १ | १ |

## आर्थिक वर्ष२०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन

### १ पृष्ठभूमि

सबैका लागी दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजना नेपाल सरकार र फिनल्याण्ड सरकार बिचको द्विपक्षिय सम्झौता अनुसार संचालित आयोजना हो । सुस्वा आयोजना आर्थिक बर्ष २०७९।०८० देखी यस नगरपालिकामा कार्यान्वयनमा आएको हो । कर्णाली प्रदेशका क्रमशः दैलेख सुर्खेत, सल्यान, रुकुम पश्चिम भाग, जाजरकोट, मुगु, कालीकोट, जुम्ला, डोल्पा र हुम्ला गरि १० जिल्लाका पहिचान गरिएका ४२ पालिकामा सन्चालन गरिने यस आयोजनाका ३ वटा परिणाम क्षेत्र रहेको छ जस अन्तर्गत पहिलो परिणाम क्षेत्र अन्तर्गत सबैका लागी खानेपानी सरसफाइ तथा स्वच्छता सेवाका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागी सक्षम वातावरण निर्माण गरि शासनमा सुदृढिकरण गर्ने, दोश्रो परिणाम क्षेत्र अन्तर्गत जलवायु उत्थानशिल सुरक्षित र निरन्तर खानेपानीको आपुर्ति र तेश्रो परिणाम क्षेत्र अन्तर्गत दिगो सरसफाइ तथा स्वच्छता र महिनाबारी व्यवस्थापन रहेको छ ।

- ❖ नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय सरकारका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय सरकारको जिम्मेवारी भित्र पर्दछ ।
- ❖ यस नगरपालिकामाआयोजना कार्यान्वयन गर्नको लागि मिति २०८० साल चैत्र महिनामा खानेपानी तथा ढल व्यवस्थापन विभाग बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा आयोजनाको स्वीकृत आयोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०८१।०८२ मा किटान गरिएका लक्ष्य वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।
- ❖ आर्थिक वर्ष २०८१।०८२ मा आयोजना अन्तर्गत कुल बिनियोजित रकम निकासा भै ७२.१% प्रतिशत खर्च भएको छ । जस मध्ये दातृ निकाय तर्फको ११२८२४७८।४ रकम खर्च हुन नसकी बैक मार्फत फिर्ता पठाइएको छ । स्थानीय सरकारको विनियोजित रु. १०९१००००। मध्ये रु. १०९५५२९१.२८ खर्च भएको छ ।
- ❖ तर्जुमा गरिएका १९ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये १७ वटा योजनाहरु सम्पन्न भएका छन भने २ वटा खानेपानीको मर्मत योजना र १ वटा विद्यालय शौचालय निर्माण कार्य अन्य परियोजनाहरुबाट काम अगाडि बढाएको, समुदायमा आपसमा विवाद समाधान नभएको र मुहानमा पानीको स्रोतको अपर्याप्ता कारण उक्त योजनाहरु कार्यन्वयन हुन सकेनन् ।
- ❖ यस प्रतिवेदनमा आठबिसकोट नगरपालिका सुस्वा आयोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता



नि. प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन समिति तथा आयोजना सहयोग इकाई/आयोजना समन्वय कार्यालयलाई समेत भविष्यमा आयोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## २. लक्ष्य बमोजिम उपलब्धी

### २.१ खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको कार्यन्वयन प्रगतिः

- आठबिसकोट नगरपालिकाको तयार भएको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाइ आधार मानेर खानेपानी तथा सरसफाइ योजनाहरु क्रमशः प्राथामिकिकरण अनुसार कार्यान्वियनको चरणहरु पार गरी सम्पन्न भएका छन। पालिका तथा दाताहरुको सिमित स्रोत र साधनहरुको प्रयोग गरी क्रियाकलापहरु संचालन भइरहेका छन।

#### २.१.१. खानेपानी, सरसफाइ तथा स्वच्छता गुरु योजनाको कार्यन्वय सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- आ ब २०८१।०८२ मा यस आठबिसकोट नगरपालिकामा ७ वटा नयाँ खानेपानी तथा सरसफाइ योजनाहरु, ७ वटा मर्मतका खानेपानी योजनाहरु र ३ वटा संस्थागत शौचालय योजनाहरु गरी जम्मा १७ वटा योजनाहरु सम्पन्न भएका छन्।

#### २.१.२. योजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरुः

- यस आर्थिक बर्षमा नयाँ ७ वटा खानेपानी तथा सरसफाइ योजना निर्माण सम्पन्न भइ ४०४ घरधुरीका २४५५ जनसंख्या लाभान्वित भएका छन।
- यस आर्थिक बर्षमा ३ वटा संस्थागत प्रयोगमैत्री शौचालय योजनाहरु निर्माण भइ योजनाबाट विद्यालयका बिद्यार्थी, शिक्षक कर्मचारी गरी जम्मा १२२८ जना लाभान्वित भएका छन।
- निर्माण सम्पन्न खानेपानी तथा सरसफाइ योजनाहरुमा इनलाइन क्लोरिनेशन जडान गरी शुद्ध पानीको उपलब्धता भएको छ।
- यस आर्थिक बर्षमा ४७८ वटा घरायसी शौचालयहरुको स्तर उन्नती भएको छ।
- ५०२ भन्दा बढि घरधुरीहरुमा हात धुने स्थान निर्माण भएका छन।
- ४५५ घरधुरीहरुमा चाङ तथा जुठेन निर्माण भएका छन।
- १९० घरधुरीहरुलाई सफा स्वच्छ तथा पुर्ण सरसफाइ उन्मुख घरधुरीहरुको रुपमा पहिचान गरिएको छ।

### २.२ भौतिक प्रगति

यस आठबिसकोट नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागतरुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- गुडगुड़े खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ ,डिसी २ वटा ,आरभिटी ३ वटा र धारा २९ वटा निर्माण सम्पन भएका छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- डाडागाउ फारुला खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ ,डिसी २ वटा ,आरभिटी ४ वटा र धारा ४२ वटा गरि सम्पूर्ण निर्माण कार्य भएका छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- रिठा बहुउपयोगी खानेपानी तथा सरसफाइ योजनामा इन्टेक २ ,डिसी १ वटा ,आरभिटी २ सोयल सिमेन्ट टेंक १ , अप्टेक ६ र धारा ३६ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन भएका छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- माझगाउ खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ ,आरभिटी १ वटा, स्कुल धारा १ र निजि धारा ६८ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन भएका छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।



नि. प्रमुख प्रशासकीय अधिकृत

- सिमबजार  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ ,आरभिटी  १ वटा, आरभिटी  १ वटा मर्मत र निजि धारा ९९ वटा गरि सम्पूर्ण निर्माण कार्य  सम्पन भएका छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- लाँता गगुनपानी जेबिचवर  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक २ ,डिसी २ वटा ,आरभिटी  ४ वटा र धारा ११२ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन भएका  छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- गारापाखा खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ ,डिसी १ वटा ,आरभिटी २ वटा र धारा १५ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन भएका  छन। साथै सुरक्षित खानेपानिका लागि इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- सिमखोली मर्मत  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ वटा निर्माण ,  बिपिटी १  वटा निर्माण  आरभिटी निर्माण १ वटा र सार्बजनिक धारा निर्माण ६ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- सल्लेरी  मर्मत  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ वटा निर्माण ,  सिसि १ निर्माण  आरभिटी मर्मत १ वटा र सार्बजनिक धारा निर्माण ६ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- महरचवर मर्मत  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ वटा निर्माण , आरभिटी मर्मत १ वटा र सार्बजनिक धारा निर्माण ६ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- थर्केनी खोला  मर्मत  खानेपानी तथा सरसफाइ योजनामा इन्टेक १ वटा निर्माण , आरभिटी निर्माण १ वटा र सार्बजनिक धारा निर्माण ३ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- पाठा गाउ मर्मत  खानेपानी तथा सरसफाइ योजनामा आरभिटी मर्मत १ वटा ,डिसी निर्माण १  सार्बजनिक धारा निर्माण १० वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- पहाडा तलिगाउ  मर्मत  खानेपानी तथा सरसफाइ योजनामा आरभिटी मर्मत २ वटा ,डिसी मर्मत १ गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- लिस्ने रागीला  मर्मत  खानेपानी तथा सरसफाइ योजनामा आरभिटी निर्माण  १ र १ मर्मत ,  सार्बजनिक धारा निर्माण ६ वटा गरि सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिएको छ। साथै इनलाइन क्लोरिनेशन पनि जडान गरिएको छ।
- संस्थागत शौचालयहरु ३ वटा निर्माण भएका छन।

तालिका २.१: यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | १६ | ५२४५ | १४ | ४८२५ | ८७.५ | ९२ |
| २ | संस्थागत चर्पीहरु (संख्या) | ४ | ८२३ | ३ | ६७३ | ७५ | ८२ |
| ५ | हातधुने स्थान निर्माण | ४९४ | २९६४ | ५०२ | ३०२५ | १०२ | १०२ |
| ६ | शौचालयहरुको स्तरोन्नती | ३८७ | २३२५ | ४०१ | २४१५ | १०३ | १०३ |

तालिका २.२: यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु

| क्र.सं. | क्षेत्र | योजनाको नाम | योजनाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाइ | लाँताजेबीचौर खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट ११२ घरधुरीमा व्यक्तिगत धारा जडान भइ ७८४ जनसंख्या लाभान्वित भएका छन। |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | खानेपानी तथा सरसफाइ | गारापाखा खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट १५ घरधुरीमा व्यक्तिगत धारा जडान भइ ८८ जनसंख्या लाभान्वित भएका छन। |
| ३ | खानेपानी तथा सरसफाइ | सिमबजार खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट ९९ घरधुरीमा व्यक्तिगत धारा जडान भइ ५८१ जनसंख्या लाभान्वित भएका छन। |
| ४ | खानेपानी तथा सरसफाइ | माझगाउँ खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट ७३ घरधुरीमा व्यक्तिगत धारा जडान भइ ७२७ जनसंख्या लाभान्वित भएका छन। |
| ५ | खानेपानी तथा सरसफाइ | डाँडाँगाउँ खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट ४७ घरधुरीमा व्यक्तिगत धारा जडान भइ २३२ जनसंख्या लाभान्वित भएका छन। |
| ६ | खानेपानी तथा सरसफाइ | रिठा बहुउपयौगी खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ योजनाबाट ३६ घरधुरीमा व्यक्तिगत धारा जडान भइ १९३ जनसंख्या लाभान्वित भएका छन। |
| ७ | खानेपानी तथा सरसफाइ | गुडगुडे खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट २९ घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा १५२ वटा धारा जडान भएका छन। |
| ८ | खानेपानी मर्मत योजना | सिमखोली खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ४४ घरधुरीमा व्यक्तिगत धारा जडान घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा जम्मा १८५ वटा धारा जडान भएका छन। |
| ९ | खानेपानी मर्मत योजना | सल्लेरी खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ४६ घरधुरीमा व्यक्तिगत धारा जडान घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा जम्मा २५३ वटा धारा जडान भएका छन। |
| १० | खानेपानी मर्मत योजना | मठचोर खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ३२ घरधुरीमा व्यक्तिगत धारा जडान घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा १६६ वटा धारा जडान भएका छन। |
| ११ | खानेपानी मर्मत योजना | पहाडातलीगाउँ खानेपानी तथा सरसफाइ योजना | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ११२ घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा ६१६ वटा धारा जडान भएका छन। |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १२ | **खानेपानी मर्मत योजना** | **पाटागाउँ खानेपानी तथा सरसफाइ योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ११६ घरधुरीमा व्यक्तिगत धारा जडान हुने र जम्मा ६९६ वटा धारा जडान भएका छन । |
| १३ | **खानेपानी मर्मत योजना** | **लिस्नेरागिला खानेपानी तथा सरसफाइ योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट ७० घरधुरीमा व्यक्तिगत धारा जडान घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा ३८५ वटा धारा जडान हुने छन । |
| १४ | **खानेपानी मर्मत योजना** | **थार्केनी खानेपानी तथा सरसफाइ योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण कार्य संचालन भइरहेको यस योजनाबाट २३ घरधुरीमा व्यक्तिगत धारा जडान भइ घरधुरीमा व्यक्तिगत धारा जडान भइ जम्मा ९२ जनसंख्या वटा धारा भएका छन् । |
| १५ | **संस्थागत शौचालय** | **बालकल्याण माध्यामिक विद्यालय संस्थागत शौचालय योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको संस्थागत शौचालय निर्माण योजनाबाट ४३ छात्रा ४० छात्र र ५ शिक्षक कर्मचारी गरी जम्मा ८८ लाभान्वित भएका छन । |
| १६ | **संस्थागत शौचालय** | **जनज्योति आधारभुत विद्यालय संस्थागत शौचालय योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको संस्थागत शौचालय निर्माण योजनाबाट ७६ छात्रा १५२ छात्र र ७९ शिक्षक कर्मचारी गरी जम्मा १५५ लाभान्वित भएका छन । |
| १७ | संस्थागत शौचालय | **नेपाल राष्ट्रिय माध्यामिक विद्यालय संस्थागत शौचालय योजना** | आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको संस्थागत शौचालय निर्माण योजनाबाट २२१ छात्रा २०९ छात्र र १५ शिक्षक कर्मचारी गरी जम्मा ४३० लाभान्वित भएका छन । |

तपशिल बमोजिमको कारणले लक्ष्य गरिए बमोजिमका योजनाहरु सम्पन्न हुन नसकी लक्षित उपलब्धी हासिल हुन सकेन ।

तालिका२.३: लक्ष्य बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

| **क्र.सं.** | **कार्यन्वयन गर्न नसकिएका लक्षित गरिएका खानेपानी योजनाहरुको नामहरु** | **लक्ष्य बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण** | **भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको रणनीति** |
|---|---|---|---|
| १ | बाघदुल्ला खानेपानी तथा सरसफाइ योजना | सम्बन्धित वार्डका वार्ड सरकारबाट उपभोक्ताहरुको आपसी असन्तुष्टिहरु र द्वन्द्वहरु व्यवस्थापन गर्न नसक्नु | उपभोक्ता समितिहरु गठन गर्नु पुर्व सामाजिक असन्तुष्टीहरु र द्वन्द्वहरु पहिचान गर्नु पर्ने । |
| २ | कोटखोला खानेपानी तथा सरसफाइ योजना | सम्बन्धित वार्डका वार्ड सरकारबाट उपभोक्ताहरुको आपसी असन्तुष्टिहरु र द्वन्द्वहरु व्यवस्थापन गर्न नसक्नु | |
| ३ | लाँता खानेपानी तथा सरसफाइ योजना | पुर्व सहमति भएको मुहानको बिषयमा मुहान विवाद भए पछि लाता खानेपानी योजनाको निर्माण कार्य भइरहेको समयमा मुहान तोडफोड | उपभोक्ता समितिहरु गठन गर्नु पुर्व सामाजिक असन्तुष्टीहरु र द्वन्द्वहरु पहिचान गर्नु पर्ने । |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | तथा समुदायमा आपसी द्वन्द्व हुँदा १४४ घरधुरीहरुमा डिजाइन भएकोमा अन्ततः ११२ घरधुरीहरुमा मात्र सिमित भएको। |
| ४ | श्री सृजना आधारभुत विद्यालय वडा नं १४ | एसियाली विकास बैकको सहयोगमा भवन सहित शौचालय निर्माण हुने भएकोले |

**२.३ क्षमता विकास**

आर्थिक वर्ष २०८१/०८२ मा यस आठबिसकोट नगरपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन्।

- खानेपानी तथा सरसफाइ र संस्थागत शौचालय निर्माण योजना लगायत योजनाहरुमा आयोजनाको चरणवद्ध कार्यपद्धति अनुसार विभिन्न क्षमता विकासका क्रियाकलापहरु संस्थाचलन गरिएको थियो। ती क्रियाकलापहरु संचालन गर्दा ७४२२ महिला र ४८७५ पुरुष गरी जम्मा १२२९७ जना महिला पुरुषको सहभागिता भएको थियो।
- जिल्ला, आठबिसकोट नगरपालिका, वडा तथा वस्ति स्तरमा सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धि विभिन्न तालिम तथा गोष्ठीहरु संचालन भएका थिए। ती तालिम तथा गोष्ठीहरुमा ३१३० महिला र २२२१ पुरुष गरी जम्मा ५३५१ जनाको सहभागिता भएको थियो।
- जिल्ला तथा आठबिसकोट नगरपालिका स्तरमा समुदाय स्तरका विभिन्न प्राविधिक तालिमहरु संचालन गरिएको थियो। ती तालिम तथा गोष्ठीहरुमा १४ जना महिला र २३ जना पुरुष गरी जम्मा ३७ जनाको सहभागिता भएको थियो।
- आठबिसकोट नगरपालिका स्तरमा जलवायु परिवर्तन अनुकलन तथा विपत जोखिम न्युनिकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रम लगायत अन्य विविध तालिमहरु सम्पन्न भएको थियो। ती तालिम तथा गोष्ठीहरुमा ५३ जना महिला र २०९ जना पुरुष गरी जम्मा २३२ जनाको सहभागिता भएको थियो।

<u>तालिका२.४: क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश</u>

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | PWD महिला | PWD पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ४२ | २३ | १४ | १२ | ३४ | ३५ | ३ | ० | ९० | ७० |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | १२ | ९ | १ | ४ | १८ | २६ | ० | ० | ३१ | ३९ |
| खानेपानी , सरसफाइ तथा स्वच्छता गुरुयोजना कार्यान्वयन संग सम्बन्धित तालिमहरु | २४४ | १७० | १२८ | ११४ | ६२९ | ५२० | ० | ० | १००१ | ८०४ |
| जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | १७ | १४ | ७ | १४ | १७ | ३५ | ० | ० | ४१ | ६३ |
| आठबिसकोट नगरपालिका/नगरपालिका स्तरीय क्षमता विकास तालिमहरु | १० | २६ | १८ | ३१ | २५ | १५२ | ० | ० | ५३ | २०९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दिवस तथा अभियानहरु | ४११ | २९४ | ३१५ | २१० | १३४४ | ८९६ | ३९ | २६ | २०७० | १४०० |
| **जम्मा:** | ७३६ | ५३६ | ४८३ | ३८५ | २०६७ | १६६४ | ४२ | २६ | ३२८६ | २५८५ |

## अनुगमन तथा प्रतिबेदन

आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमाआ ब २०८१।०८२ मा संचालित योजना तथा क्रियाकलापहरुको आठबिसकोट नगरपालिका अनुगमन समिति तथा आयोजनाबाट विभिन्न समयमा अनुगमन कार्य सम्पन्न भएको थियो ।

**तालिका३.१: अनुगमन कार्यदलबाट योजना स्तरमा गरिएको अनुगमनको विवरण**

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगतअनुगमन संख्या | स्थलगतअनुगमन गरिएको संख्या | आठबिसकोट नगरपालिका कार्यालयबाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | लाँताजेबीचौर खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| २. | गारापाखा खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| ३. | सिमबजार खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| ४. | माझगाउँ खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| ५. | डाँडागाउँ खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| ६. | रिठा बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | ३ | २ | ४ |
| ७. | गुडगुडे खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ४ |
| ८. | सल्लेरी खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| ९. | मठचोर खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| १०. | सिमखोली खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| ११ | थार्केनी खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| १२ | पाटागाउ खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| १३ | पाहाडातलीगाउ खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| १४ | लिस्ने रागिला खानेपानी तथा सरसफाइ योजना | १ | १ | ४ |
| १५ | बालकल्याण माध्यामिक विद्यालय संस्थागत शौचालय योजना | २ | २ | ४ |
| १६ | जनज्योति आधारभुत विद्यालय संस्थागत शौचालय योजना | २ | २ | ४ |
| १७ | नेपाल राष्ट्रिय माध्यामिक विद्यालय संस्थागत शौचालय योजना | २ | २ | ४ |
| | जम्मा | | | |

**तालिका३.२: नगरपालिकाबाट आयोजनामा पेश भएका प्रतिवेदनहरु**

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिकआर्थिक प्रतिवेदन (फाँटबारी) | ८ | ८ | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | २ | २ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | जम्मा | | | |



नि. प्रमुख प्रशासकीय अधिकृत

**तालिका३.३: अनुगमनमा औँल्याइएका सुझाबहरुको कार्यान्वयन**

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०८०।०।२९ देखी २०८०।०७।०४ | खानेपानी तथा सरसफाइ योजनाहरुको डिजाइन तथा इस्टिमेट अनुसार क्रियाकलापहरु संचालन गर्ने । निर्माण सामाग्रीहरुको गुणस्तरमा ध्यान दिने । | • अनुगमन टोलीको सुझावहरुलाइ कार्यान्वयन गरिएको । |
| २ | २०८१।०१।०३। देखी ०७ गते सम्म | • सम्झौता अनुसारका क्रियाकलापहरु सम्पन्न गर्ने ।<br>• योजनाका खाताहरु व्यवस्थित तवरले राख्ने ।<br>• सरसफाइका क्रियाकलापहरुलाइ पनि सगै अगाडी बढाउने । | • अनुगमन टोलीको सुझावहरुलाइ कार्यान्वयन गरिएको । |
| ३ | २०८१।०३।०२ देखी ०७ गते सम्म | • अन्तिम किस्ता निकासिका लागी अन्तिम विल भर्पाइहरु तयार गर्ने ।<br>• योजनाहरुको दिगोपनाको लागी पानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधिको तयार तथा कार्यान्वयन गर्ने ।<br>• पूर्ण सरसफाइ क्रियाकलापहरुको निरन्तरता दिने ।<br>• इनलाइन क्लोरिनेशनको दिगोपनाको लागी नियमित हेरफेर गर्ने । | • अनुगमन टोलीको सुझावहरुलाइ क्रमशः कार्यान्वयन गरिएको । |

## प्रगती समीक्षा तथा योजना तर्जुमा

आठबिसकोट नगरपालिका सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना अन्तगर्त संचालित क्रियाकलापहरुको कार्यान्वयनको लागी योजना तर्जुमा तथा सम्पादित क्रियाकलापहरुको प्रगती समिक्षा गरीको छ । यस कार्यले क्रियाकलापहरुको गुणस्तरियता तथा दिगोपनामा टेवा पुग्ने देखिन्छ ।

**तालिका४.१: आठबिसकोट नगरपालिका/नगरपालिका खानेपानी , सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको बैठक**

| बैठक नं | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०८१।०५।०५ | • पहिलो किस्ता माग गर्ने सम्बन्धमा । |
| २ | २०८१। ०५। १८ | • वास इकाइको कर्मचारी नियुक्ति प्रदान गर्ने सम्बन्धमां । |
| ३ | २०८१।०७।३० | • योजना सञ्चालनमा छुटेका नजिकैका बस्तीहरुको खानेपानी योजनाम समेट्नु पर्ने सम्बन्धमा ।<br>• वास फोकल पर्सनको जिम्मेवारी सम्बन्धमा । |
| ४ | २०८१।०८।२४ | • मासिक कार्य सम्पादन तथा आगामी महिनाको कार्य योजना सम्बन्धमा |
| ५ | २०८१।०८।२५ | • संस्थागत शौचालय संभाव्यता अध्ययन सम्बन्धमा ।<br>• संभाव्यता अध्ययनका लागि खानेपानी योजना छनौट सम्बन्धमा ।<br>• यस आब २०८१।०८२ मा सम्पन्न गर्ने थप नयाँ खानेपानी योजना छनौट सम्बन्धमा । |
| ६ | २०८१।०९।२५ | • गत महिनाको वास इकाईको भएको खर्च अनुमोदन सम्बन्धमा ।<br>• खानेपानी योजनाहरुको संभाव्यता अध्ययन तथा मुल्यांकन सम्बन्धमा । |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ७ | २०८१।१०।२४ | • मासिक प्रगतिको समीक्षा तथा आगामी कार्य योजना सम्बन्धमा। |
| ८ | २०८१।११।०३ | • मासिक प्रगतिको समीक्षा तथा आगामी कार्य योजना सम्बन्धमा। |
| ९ | २०८१।११।०३ | • मासिक प्रगतिको समीक्षा तथा आगामी कार्य योजना सम्बन्धमा।<br>• मोटरबाइक मर्मत इन्धन तथा यातायात खर्च सम्बन्धमा। |
| १० | २०८१।०२।०७ | • मासिक प्रगतिको समीक्षा तथा आगामी कार्य योजना सम्बन्धमा। |
| ११ | २०८१।०२।०७ | • लाँता गगुनपानी तथा जेबीचौर खानेपानी तथा सरसफाइ योजनाको कलेक्सन च्यामबर तोडफोड सम्बन्धमा। |
| १२ | २०८१।०२।०९ | • लाँता गगुनपानी तथा जेबीचौर खानेपानी तथा सरसफाइ योजनाको कलेक्सन च्यामबर तोडफोड सम्बन्धमा भएको क्षति सम्बन्धमा। |
| १३ | २०८१।०३।०७ | • बार्षिक कार्ययोजना तथा लागत साझेदारी अनुमोदन सम्बन्धमा। |

तालिका ४.१: आठबिसकोट नगरपालिका/नगरपालिका खानेपानी , सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति तथा वास इकाइको बैठक तथा निर्णयहरु

| बैठक नं | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०८१।०५।१० | ❖ कार्यक्षेत्र बाँटफाँट सम्बन्धमा |
| २ | २०८१। ०५। १८ | ❖ दशैको शुभकामना आदान प्रदानका साथै फिल्डको प्रगति समीक्षा<br>❖ दशै अगाडी गरिने कार्यहरुको कार्य योजना निर्माण |
| ३ | २०८१। ०८। २ | ❖ GEDSI Audit र सरसफाइ बजारीकरण र स्थानीय स्रोत व्यक्ति छनौटमा महिलालाई छनौटमा प्राथमिकतामा राख्ने सम्बन्धी छलफल तथा निर्णयहरु गरेको |
| ४ | २०८१। ०८। २३ | ❖ Online Reporting Orientation for MIS गरेको सम्बन्धी निर्णय गरेको। |
| ५ | २०८१। ०८। २३ | ❖ सुस्वा सुशासन बिज्ञ श्री निराजन श्रेष्ठ ज्युको उपस्थितिमा वास इकाइको प्रगति समिक्षा गरिएको निर्णय गरेको। |
| ६ | २०८१। ०८। २३ | ❖ प्रशिक्षक प्रशिक्षण तालिमको समीक्षा सम्बन्धमा।<br>❖ चरणबद्ध क्रियाकलापहको कार्य योजना सम्बन्धमा। |
| ७ | २०८१। ०८। २३ | ❖ प्रगति समिक्षा सम्बन्धमा।<br>❖ वास प्राबिधिक र सामाजिक परिचालकको कार्य क्षेत्र सम्बन्धमा।<br>❖ मासिक कार्य योजना सम्बन्धमा। |
| ८ | २०८१। ०९। २९ | ❖ प्रगति समीक्षा सम्बन्धमा।<br>❖ CSM सम्बन्धमा।<br>❖ SIP सम्बन्धमा।<br>❖ स्पष्टीकरण सम्बन्धमा।<br>❖ स्थलगत अध्ययन सम्बन्धमा।<br>❖ कार्यक्षेत्र हेरफेर सम्बन्धमा। |
| ९ | २०८१। १०। २९ | ❖ WSP+++सम्बन्धी तालिमहरु सञ्चालन सम्बन्धमा।<br>❖ IEC-BCC सामग्रीहरुको प्रकाशन सम्बन्धमा। |

| | | |
|---|---|---|
| | | ❖ पालिकास्तरीय पुर्ण सरसफाइ सम्बन्धी कार्यशाला सम्बन्धमा ।<br>❖ गारापाखा खानेपानी तथा सरसफाइ योजनाको पहिलो सार्वजनिक परीक्षण तथा अनुगमन सम्बन्धमा ।<br>❖ दिवस मनाउने सम्बन्धमा ।<br>❖ विद्यालय वास सम्बन्धमा ।<br>❖ जिम्मेवारी हेरफेर सम्बन्धमा । |
| १० | २०८१। ११। १८ | ❖ श्री नारायण सिंह खवास, प्राविधिक विज्ञ सुस्वा आयोजनाको उपस्थितिमा यस पालिका भएको आयोजनाको प्रगतिबारेमा पुर्ण अनुगमन कार्य सम्पन्न भएको निर्णय गरियो । |
| ११ | २०८२। ०१। २४ | ❖ SUSWA Project Support Unit को AMO Mr. Surjan Rokaya को उपस्थितिमा MWF Monitoring Findings and Feedback Sharing Meeting सम्पन्न भएको निर्णय गरियो । |
| १२ | २०८२। ०१। ३१ | ❖ प्रगति समीक्षा एवं आगामी कार्य योजना सम्बन्धमा । |

**तालिका ४.२ यस आर्थिक बर्षमा परिचालन गरिएका स्थानीय स्रोत व्यक्तिहरुको सुची**

| S.N. | Name of LRP | Address | Position | जम्मा योगदान (महिनामा) |
|---|---|---|---|---|
| १४ | श्री सुनिता पुरी | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | SMLRP | ६ |
| १५ | श्री सपना खड्का | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | DMM | ६ |
| १६ | श्री अस्मिता बि क | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | DMM | ६ |



नि. प्रमुख प्रशासकीय अधिकृत

**नीति तर्जुमा**

आठबिसकोट नगरपालिकाको कार्यपालिका तथा नगर सभाबाट खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन गर्न बनेको ऐन पास गरिनुको साथै निम्नानुसारका आयोजना सँग सरोकार राख्ने थप निति तथा नियमहरु पारित गरिएको छ।

- यस आठबिसकोट नगरपालिकामा "एक घर एक धारा" नीति मार्फत स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइ युक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ|
- खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन गर्नका लागि आठबिसकोट नगरपालिका र सबैका लागि दिगो खानेपानी तथा सरसफाइ परियोजनाको लागत साझेदारीमा खानेपानी योजना निर्माण र पुराना आयोजनाहरुको मर्मत सम्भारका साथै प्रयोगमैत्री शौचालय लगायतका संरचना निर्माणमा गर्ने कार्यलाई निरन्तरता दिईनेछ|
- नेपाल सरकारको नीति बमोजिम यस आठबिसकोट नगरपालिकालाई वि.सं. २०८४ असार मसान्तसम्म पूर्ण सरसफाइ उन्मुख पालिका घोषणा गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ| साथै पूर्ण सरसफाइ उन्मुख क्रियाकलाप संचालनका लागि बिभिन्न साझेदारी संस्थासंग समन्वय तथा सहकार्य गरिनेछ|
- यस पालिकाका सबै वडामा संचालन भएका योजना र संचालन हुने योजनाको खानेपानी स्वच्छ र गुणस्तर कायम गर्नका लागि आठबिसकोट नगरपालिकामा खानेपानी ल्याब स्थापना कार्यान्वयनमा ल्याईने छ।

**आठबिसकोट नगरपालिकाले नगरसभामा आर्थिक वर्ष २०८२/०८३को आय तथा व्ययको अनुमान बजेट वक्तव्य प्रस्तुत भएको नगरपालिकाबाट खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रगतिको शारांश**

आठविसकोट नगरपालिका वास इकाईबाट सञ्चालित **"सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा)आयोजना"** अन्तरगत सुरक्षित खानेपानीको लागि **"एक घर एक धारा निर्माण"** कार्यका लागि आठविसकोट नगरपालिका वडा नं ७, ११ र १३ भित्रका ७ वटा नयाँ खानेपानी योजनाहरूका ४०४ घरधुरीहरु र वडा नं १, २, ३, ४, १०, ११ र १४ का ७ वटा पुराना खानेपानी योजनाहरुको विस्तारित खानेपानी योजना अन्तर्गत **"इनलाइनक्लोरिनेशन"** जडान गरि मर्मत गरी ३७५ घरधुरीहरुलाई दिगो रुपमा सुरक्षित खानेपानीको सुनिश्चितता गरीएको छ।

त्यसैगरी ३ वटा विद्यालयहरुका ७१३ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु लाभान्वित हुने गरी प्रयोगमैत्री शौचालय निर्माण कार्य सम्पन्न हुनेछन। यसैगरी आठविसकोट नगरपालिका नगरपालिकाको वास तर्फको शासन सुदृढिकरणको लागी नगरपालिकाबाट वास ईकाईको विधिवत रुपमा स्थापना तथा स्थागत बिकास तथा वास इकाई/सुस्वा आयोजनाको सहजीकरणमा आठविसकोट नगरपालिकाको खानेपानसरसफाइ तथा स्वच्छता ऐन २०८१, आठविसकोट नगरपालिकाको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन कार्यविधि २०८१, आठविसकोट नगरपालिकाको खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, आठविसकोट नगरपालिकाको लैंगिक उत्तरदायी तथा अपाङ्गता समाबेशी पञ्च वर्षिय योजना तर्जुमा २०८१ (२०८१ देखी २०८५ सम्म), आठविसकोट नगरपालिकाको संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यबिधि, २०८१, आठविसकोट नगरपालिकाको पुर्ण सरसफाइ प्रबर्द्धनका लागि स्थानीय तहको कार्य योजना २०२५, नगरपालिकाबाट पारित भइ लागु हुनुको साथै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा समुदायलाई क्षमता विकासका विभिन्न ३ दर्जन बढी तालिमहरु प्रदान गरिएको छ। ९ वटा पुराना खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना सम्बन्धी तालिमहरु प्रदान गरिएको, ९ वटा खानेपानी सुरुक्षाको प्रतिवेदन तयार गरिएको, १४ वटा खानेपानी उपभोक्ता समितिहरु दर्ता भइ सञ्चालन भइरहेको साथै आठविसकोट नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणाको लागि वडा नं ६ त्रिवेणी बस्तीलाई नमूना बस्ती निर्माण गर्ने कार्य भइरहेको र आयोजना सञ्चालन भइरहेका घरधुरीहरुमा पुर्ण सरसफाइका सुचकहरु पुरा गर्ने कार्यहरु भइरहेको छ। यसैगरी यसै आ.ब. मा कर्णाली प्रदेश जलस्रोत तथा उर्जा विकास खानेपानी मन्त्रालय र यस आठबिसकोट नगरपालिका बीच ग्रामिण खानेपानी सेवा सहायता केन्द्र स्थापनाका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ।

## ४. सहकार्य

**तालिका६.१: आयोजना सँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य**

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकमरु. (बाबराबर) |
|---|---|---|---|---|
| १ | आठबिसकोट नगरपालिका र महिला बालबालिका शाखा | अन्तरराष्ट्रीय महिला दिवस | कार्यक्रम संचालन तथा सहजिकरण | २०००००।०० |
| २ | नलगाड नगरपालिका | अन्तरराष्ट्रीय महिला दिवस | कार्यक्रम संचालन तथा सहजिकरण | ८५०००।०० |
| ३ | वातावरण तथा जनस्वास्थ संस्था (ENPHO) | पानीको गुणस्तर परीक्षण | तालिम तथा सहजीकरण | |

**तालिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु**

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | समुदाय तथा जनप्रतिनिधिहरुले अपेक्षा उच्च राख्नु | छलफल तथा परामर्शबाट समस्याहरु समाधान गरिएको । |
| २ | आम भेलामा सहमत भएका तर काम सुरु भए पछि उपभोक्ताहरुले नगद योगदान र श्रमदान गर्ने विषयमा असमत भए पछि पटक पटक विवादहरु भएको | पटक पटक आमभेला गरी उपभोक्ताहरुलाइ एकतावबद्ध गरेर खानेपानी योजनाहरुका कार्यहरुमा सहभागी गराएको । समुदायमा समस्याहरु सृजना व्यक्तिहरु समेत सहभागी गराएर आयोजनाका पद्धतिहरुको बारेमा पटक पटक विवाद समाधान गर्दै योजनाहरु कार्यन्वयन गरेको । |
| ३ | नयाँ प्रविधिको प्रयोग गरी खानेपानी योजनाहरुको सर्भे तथा डिजाइन कार्य | आयोजना विज्ञहरुसँगको छलफल तथा परामर्श बाट समस्याहरु समाधान गरीएको |



नि. प्रमुख प्रशासकीय अधिकृत

## ४. सहकार्य

**तालिका६.१: आयोजना सँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य**

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकमरु. (वाबराबर) |
|---|---|---|---|---|
| १ | आठबिसकोट नगरपालिका र महिला बालबालिका शाखा | अन्तरराष्ट्रीय महिला दिवस | कार्यक्रम संचालन तथा सहजिकरण | २०००००।०० |
| २ | नलगाड नगरपालिका | अन्तरराष्ट्रीय महिला दिवस | कार्यक्रम संचालन तथा सहजिकरण | ८५०००।०० |
| ३ | वातावरण तथा जनस्वास्थ संस्था (ENPHO) | पानीको गुणस्तर परीक्षण | तालिम तथा सहजीकरण | |

**तालिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु**

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | समुदाय तथा जनप्रतिनिधिहरुले अपेक्षा उच्च राख्नु | छलफल तथा परामर्शबाट समस्याहरु समाधान गरिएको । |
| २ | आम भेलामा सहमत भएका तर काम सुरु भए पछि उपभोक्ताहरुले नगद योगदान र श्रमदान गर्ने विषयमा असमत भए पछि पटक पटक विवादहरु भएको | पटक पटक आमभेला गरी उपभोक्ताहरुलाइ एकतावबद्ध गरेर खानेपानी योजनाहरुका कार्यहरुमा सहभागी गराएको । समुदायमा समस्याहरु सृजना व्यक्तिहरु समेत सहभागी गराएर आयोजनाका पद्धतिहरुको बारेमा पटक पटक विवाद समाधान गर्दै योजनाहरु कार्यन्वयन गरेको । |
| ३ | नयाँ प्रविधिको प्रयोग गरी खानेपानी योजनाहरुको सर्भे तथा डिजाइन कार्य | आयोजना विज्ञहरुसँगको छलफल तथा परामर्श बाट समस्याहरु समाधान गरीएको |



राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १: यसआ.व.मा संचालित योजनाहरुको विवरण

| क्र सं | योजनाहरुको नाम | वडानं. | योजनाकोअनुमानित लागत (रु. मा) (GoN+GoF+EU+RM) | यसआ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा आठविसकोट नगरपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामीआ.व. मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यसआ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| 1 | लाँताजेबीचौर खानेपानी तथा सरसफाइ योजना | 7 | 11343081.17 | 11343081.17 | 1134308.12 | N/A | N/A | 616 |
| 2 | गारापाखा खानेपानी तथा सरसफाइ योजना | 7 | 2274976.98 | 2274976.98 | 1291444.06 | N/A | N/A | 88 |
| 3 | सिमबजार खानेपानी तथा सरसफाइ योजना | 11 | 7582943.96 | 7582943.96 | 758294.4 | N/A | N/A | 545 |
| 4 | माझगाउँ खानेपानी तथा सरसफाइ योजना | 11 | 4629999.33 | 4629999.33 | 462999.93 | N/A | N/A | 727 |
| 5 | डाँडाँगाउँ खानेपानी तथा सरसफाइ योजना | 11 | 449354.14 | 449354.14 | 449358.41 | N/A | N/A | 232 |
| 6 | रिठा बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | 11 | 5173900.65 | 5173900.65 | 517390.07 | N/A | N/A | 192 |
| 7 | गुडगुडे खानेपानी तथा सरसफाइ योजना | 13 | 3270578.15 | 3270578.15 | 327058.71 | N/A | N/A | 144 |
| 8 | सल्लेरी खानेपानी तथा सरसफाइ योजना | 11 | 1025441.09 | 1025441.09 | 128424.26 | N/A | N/A | 230 |
| 9 | मठचोर खानेपानी तथा सरसफाइ योजना | 10 | 1335163.2 | 1335163.2 | 167073.29 | N/A | N/A | 118 |
| 10 | सिमखोली खानेपानी तथा सरसफाइ योजना | 14 | 1474799.64 | 1474799.64 | 1846590.57 | N/A | N/A | 198 |
| 11 | थार्कनी खानेपानी तथा सरसफाइ योजना | 4 | 813200.64 | 813200.64 | 1017105.68 | N/A | N/A | 114 |
| 12 | पाटागाउ खानेपानी तथा सरसफाइ योजना | 3 | 229080.16 | 229080.16 | 286576.86 | N/A | N/A | 599 |
| 13 | पाहाडातलीगाउ खानेपानी तथा सरसफाइ योजना | 2 | 1101333.59 | 1101333.59 | 129,598.54 | N/A | N/A | 574 |
| 14 | लिस्ने रागिला खानेपानी तथा सरसफाइ योजना | 1 | 1423655.41 | 1423655.41 | 175,471.79 | N/A | N/A | 294 |
| 15 | बालकल्याण आधारभुत विद्यालय शौचालय योजना | 13 | 866420.14 | 866420.14 | 221,213.65 | N/A | N/A | 88 |
| 16 | जनज्योति आधारभुत विद्यालय शौचालय योजना | 7 | 864111.8 | 864111.8 | 220,624.29 | N/A | N/A | 155 |
| 17 | नेपाल राष्ट्रिय माध्यामिक विद्यालय शौचालय योजना | 12 | 89638.4 | 89638.4 | 229,451.08 | N/A | N/A | 430 |
| | जम्मा: | | 43947678.45 | 43947678.45 | 9362983.71 | | | 5344 |

राजेश ...
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची२.१: यसआ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. हरु | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | | | | | | | | | | |
| १ | आमभेला, कार्यक्रम अभिमुखीकरण तथा उ.स गठन | ७,११,१३ | १ | १ | १७३ | १०५ | ११२ | ७५ | ४८० | ३२० |
| २ | उपभोक्ता समिति अभिमुखीकरण गोष्ठी | ७,११,१३ | १ | १ | १७३ | १०५ | ११२ | ७५ | ४८० | ३२० |
| ३ | बिस्तृत रेखांकन तथा आमभेला बाट स्वीकृति | ७,११,१३ | १ | १ | १७३ | १०५ | ११२ | ७५ | ४८० | ३२० |
| ४ | आर्थिक व्यवस्थापन अभिमुखीकरण गोष्ठी | ७,११,१३ | १ | १ | १७३ | १०५ | ११२ | ७५ | ४८० | ३२० |
| ५ | खानेपानीको गुणस्त र(PA/Vial,कोलोरिनेशन) समबन्धि गोष्ठी | ७,११,१३ | ३ | १ | १ | ५ | १ | २ | ५ | २५ |
| ६ | खानेपानी सुरक्षा योजना, विपद जोखिम न्यूनीकरण, 3R सम्बन्धि गोष्ठी | ७,११,१३ | १ | १ | ४ | ४ | ० | ५ | ३ | २० |
| ७ | उपभोक्ता समिति संग डिजाइन स्टिमेट छलफल तथा सामुदायिक कार्ययोजना तयारि | ७,११,१३ | १ | १ | १६९ | १०२ | ११० | ६५ | ४६५ | ३०५ |
| ८ | आमभेला बाट डिजाइन स्टिमेट तथा सामुदायिक कार्य योजना पारित | ७,११,१३ | १ | १ | १७१ | १०१ | १०८ | ६५ | ४६८ | ३०३ |
| ९ | आर्थिक व्यवस्थापन पुनर्ताजगी गोष्ठी | ७,११,१३ | १ | १ | १७३ | १०५ | ११२ | ७५ | ४८० | ३२० |
| १० | निर्माण अवधि /CAP पुनराबलोकन गोष्ठी | ७,११,१३ | १ | १ | १५७ | ९३ | ९८ | ६१ | ४४५ | २९५ |
| ११ | योजनाको दोस्रो अनुगन तथा दोस्रो सार्वजनिक सुनुवाई | ७,११,१३ | १ | १ | १५६ | ९७ | ९५ | ६३ | ४४८ | ३०३ |


नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | योजनाको तेस्रो अनुगमन तथा तेस्रो सार्वजनिक सुनुवाई | ७,११,१३ | १ | १ | १५३ | ९५ | ९३ | ६२ | ४४७ | ३०४ |
| जम्मा | | | | | १६७६ | १०२२ | १०६५ | ६९८ | ४६८१ | ३१५५ |

**सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न दिवस, अभियान तथा सप्ताहहरु | आठबिसकोट नगरपालिका | १ | ५ | ४४१ | २९४ | ३१५ | २१० | १३४४ | ८९६ |
| ३ | खानेपानी सुरक्षा योजना तालिम | वडा नंहरू १,२,३,४,५,८,१०,११ र १४ | ४ दिन | ९ | ४९ | ३१ | ४ | ९ | ७२ | ७८ |
| ४ | समुदाय स्तरको सरसफाइ अनुगमन | ७, ११ र १३ | १दिन | ७ | ५ | ३ | ३ | २ | ८ | १४ |
| ५ | हातधुने स्थान निर्माण सम्वन्धी अभिमुखिकरण | आठबिसकोट नगरपालिका | १ दिन | ५ | १५२ | ९९ | १०१ | ७५ | ४६३ | ३१७ |
| ६ | वार्ड वास सि सी अभिमुखिकरण कार्यक्रम | आठबिसकोट नगरपालिका | १ | ३ | ३ | २ | २ | २ | ५ | ७ |
| ७ | मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि तयारी गोष्ठी | आठबिसकोट नगरपालिका | १ दिन | १ | ३ | ८ | ३ | ५ | १० | २१ |
| ८ | सरोकारवालाहरुको समाबेसी निति विश्लेषण तथा योजना तर्जुमा गोष्ठी | आठबिसकोट नगरपालिका | २ दिन | १ | ३ | ८ | ३ | ५ | १० | २१ |
| ९ | पालिका प्रमुख एवम प्रतिनिधिहरुको समावेसी निति विश्लेषण तथा योजना तर्जुमा गोष्ठी | आठबिसकोट नगरपालिका | १ दिन | १ | ३ | ८ | ३ | ५ | १० | २१ |
| १० | २ दिने मर्यादित महिनावारी व्यवस्थापनका लागी प्याड निर्माण तालिम | आठबिसकोट नगरपालिका | २ दिन | १ | १२ | १ | १ | २ | १६ | ४ |
| ११ | मर्यादित महिनावारी सम्बन्धी महिलाहरुका लागी कार्यशाला गोष्ठी | आठबिसकोट नगरपालिका | १ दिन | १ | १२ | १ | १ | २ | १६ | ४ |
| १२ | विद्यालयहरुमा ३ तारे सम्बन्धी अभिमुखिकरण कार्यक्रम | वडा नं ७ , ११, १२, १३ र १४ | १ दिन | ५ | १४ | १० | ८ | ९ | ३५ | ३७ |
| जम्मा | | | | | ६९७ | ४६५ | ४४४ | ३२६ | १९८१ | १४२० |

**स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभा र लगायत प्राविधिक तालिमहरु**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मिस्त्रिहरुका लागी शौचालय निर्माण तालिम | आठबिसकोट नगरपालिका | ७ दिन | १ | ४ | ४ | १ | ५ | २ | ७ |
| २ | मर्मत सम्भार कार्यकर्ता तालिम | आठबिसकोट नगरपालिका | १२ दिन | १ | ५ | ३ | १ | २ | १ | २ |
| जम्मा | | | | | | | | | | |

**आठबिसकोट नगरपालिका/नगरपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जलयायु अनुकुलन तथा विपत जोखिम न्युनिकरण अभिमुखिकरण कार्यक्रम | आठबिसकोट नगरपालिका | १ दिन | १ | ३ | १ | ४ | ११ | ३ | १८ |
| २ | एन वास अध्यावधिक कार्यशाला गोष्ठी | आठबिसकोट नगरपालिका | १ दिन | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | लिजा सम्बन्धी अभिमुखिकरण गोष्ठी | आठबिसकोट नगरपालिका | १ दिन | १ | ० | ० | ० | ० | ० | ० |
| ४ | ग्रामिण खानेपानी सेवा सहायता केन्द्र संचालन सम्बन्धी कार्यशाला(पालिका स्तरका खासस्व निकायहरु विच | आठबिसकोट नगरपालिका | १ दिन | १ | २ | १ | २ | ३ | ८ | ४८ |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यशाला) | | | | | | | | | |
| ५ | GEDSI तालिम वास युनिट तालिम | | ४ दिन | १ | ० | ४ | ० | १ | १ | ११ |
| ६ | वास युनिट कर्मचारीहरुको प्राविधिक पुनर्ताजगी तालिम | | ३ दिन | १ | ० | ० | ० | ० | ० | ० |
| ७ | वास युनिट कर्मचारीहरुको लागी पानी सुरक्षा योजना तालिम | | ४ दिन | १ | ० | २ | ० | १ | ० | ७ |
| ८ | वास युनिट कर्मचारीहरुको लागी N-WASH तालिम | आठबिसकोट नगरपालिका | ३ दिन | १ | ० | २ | १ | ४ | २ | १६ |
| ९ | AWISअभिमुखिकरण | आठबिसकोट नगरपालिका | १ दिन | १ | २ | ५ | २ | ६ | ५ | २७ |
| १० | उपभोक्ता समिति व्यवस्थापन तालिम | आठबिसकोट नगरपालिका | ३ दिन | १ | २ | ० | ९ | ४ | ४ | १३ |
| ११ | वास युनिट कर्मचारीहरुका लागी पुर्ण सरसफाइ तालिम | | ४ दिन | १ | १ | ३ | ० | १ | २ | १२ |
| | जम्मा | | | | १० | २६ | १८ | ३१ | २५ | १५२ |

## अनुसूची२.२: गतवर्ष२०७९।०८०सम्मको पेश्की / वेरुजु बाँकीकोअवस्था

| Not Applicable due to this fiscal year was new Implementation year for Aathbiskot Municipality | कुल फर्छयौट पेश्की / वेरुजु रकमरु | कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छयौट पेश्की / वेरुजु रकम रु |
|---|---|---|---|
| | ० | ० | ० |

नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २.३ अन्य उल्लेखनीय सफल अभ्यासहरु तथा नवीनतम पक्षहरु

- नगर कार्यापालिक भित्र वास इकाईको स्थापना तथा संचालन
- योजना सम्झौता संगै शौचालयहरु निर्माण तथा पुर्ण सरसफाइ अभियानमा सरिक गारापाखा बस्ती
- महिलाको नेतृत्वमा सम्पन्न भएको सिमबजार खानेपानी योजना,
- दलित र अपांगता भएको व्यक्तिबाट सम्पन्न भयो डाँडागाउँ खानेपानी योजना,
- बनेका खानेपानी सरचनामा देखेर दंग सिमखोलाका खानेपानी उपभोक्ताहरु,
- सामुहिक भावनाको बिकास गरायो रिठा बहुउपयोगी खानेपानी योजनाले,
- एक घर एक धारा भए पछि सरसफाइ कार्यमा उत्साहित लाँता खानेपानी उपभोक्ताहरु,
- उपभोक्ता समितिहरुले आफ्नै कार्यालय खोली कार्य सन्चालन गरिरहेको
- नगरपालिका भित्रको एक उदारहणको कार्य सुस्वा आयोजनाबाट ५० प्रतिशत भन्दा बढि उपभोक्ता समितिहरुमा महिला सहभागिता, ९० सेमी पाइपलाइन खन्ने र पुर्ने कार्य, गुणस्तरीय संरचनाहरुको निर्माण,
- लेखा व्यवस्थापन तर्फ : गिटि ढुंगा बालुवा संकलन तथा ढुवानीमा भ्याट बिलको प्रयोग,
- सबैभन्दा बढी महिला तथा पुरुषको सहभागितमा महिनावारी स्वच्छता व्यवस्थापन बारे सामुहकि जनचेतना विस्तारका लागि ८ मार्चको अन्तरराष्ट्रिय महिला दिवस पालिका केन्द्रमा भव्य रुपमा मनाइयो। कलाकार जानकी तारामी मगर संगै दर्जनौ कलाकारहरुको प्रस्तुतीमा झण्डै ३ हजार मानसिहरुको उपस्थिति रह्यो।
- आठबिसकोट नगरपालिका वडा नं ६ स्थितको त्रिबेनी पुर्ण सरसफाइ अभियान सञ्चालन,
- रिठा बहुउपयोगी खानेपानी योजनाबाट जिविकोपार्जन तथा जलवायु उत्थानशीलता वृद्धि,
- नगर पालिकाबाट वास व्यवस्थापन सम्बन्धी विभिन्न ऐन, नियमावली, कार्यविधिहरु र निदेशिकाहरु जारी भइसकेको।

## अनुसूची २.४ आगामी आर्थिक बर्षको लागि कार्यदिशा

- खानेपानी सरसफाइ योजनाहरुमा SSC सम्बन्धी WUSC लाई Capacity Building का तालिमहरु सञ्चालन गर्ने।
- नगरपालिकाको वास योजना अद्यावधिक गर्ने।
- SSCअन्तर्गत पालिका र उपभोक्ता समितिहरुसंग समझदारी पत्रमा हस्ताक्षर गर्ने।
- पानी गुणस्तरको परामितिहरुको परीक्षण गरी पानीको गुणस्तर परीक्षण कार्यलाई निरन्तरता दिने।
- आ ब २०८१।८२ मा सम्पन्न खानेपानी तथा स्वच्छता योजनाहरुमा पानी सुरक्षा योजना लागु गर्ने।

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३ : नगरपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### सफलताको कथा १

### "गरिबीबाट गरिमामा – गारापाखाको परिवर्तनको यात्रा"





**स्थान**: आठविसकोट नगरपालिका वडा नं. ०७, गारापाखा बस्ती, रूकुम पश्चिम भाग
**घरधुरी संख्या**: १६
**जम्मा जनसंख्या**: ८८
**दलित घरधुरी**: १२
**सहयोगी आयोजना**: आठबिसकोट नगरपालिका, वास इकाई सबैका लागि दिगो खानेपानी तथा सरसफाइ (सुस्वा) आयोजना
**सहजीकरण**: वास इकाई, आठविसकोट नगरपालिका

**पहिलेको अवस्था: उपेक्षित बस्ती र उपेक्षित अवस्था**

गारापाखा बस्ती कहिल्यै पनि योजनाको केन्द्रमा पर्न सकेको थिएन। १६ घरधुरीमध्ये अधिकांश विपन्न र दलित समुदायका थिए।

- **कुनै घरमा पानीको धारा थिएन।**
- **कुनै पनि घरमा शौचालय थिएनन्**, अहिले सम्म पनि खुल्ला दिसा मुक्त हुन नसकेके बस्ती
- **सरसफाइ र स्वच्छताको अवस्था** अत्यन्तै कमजोर थियो।
- **पानीको स्रोत थियो**, तर त्यो सुविधा घरमा पुग्न सकेको थिएन।





बस्तीको वास्तविकता पीडादायी थियो – न पानी, न सरसफाइ, न स्वास्थ्य।

**मोडको बिन्दु: सुस्वा आयोजनाको उपस्थिति**

सुस्वा आयोजनाले **गारापाखा बस्तीलाई लक्षित वस्तीको रूपमा छनौट** गर्‍यो।
सुरुवात भयो **साझा समझदारी र विश्वास निर्माणवाट**

- दलित समुदायको नेतृत्व गर्दै अध्यक्ष श्री पठे कामी
- ५०% भन्दा बढि महिलाको प्रतिनिधित्व सहित





**गारापाखा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन** गरियो।
यसपछि सुरु भयो **सशक्तिकरणको यात्रा** –

- योजना बनाउने,
- तालिम लिने,
- निर्णय गर्ने,
- र परिवर्तन ल्याउने।

वास इकाइले **नेतृत्व विकास, योजना व्यवस्थापन र व्यवहार परिवर्तन** सम्बन्धी तालिमहरू प्रदान गर्‍यो।

राजेश ...
नि. प्रमुख प्रशासकीय अधिकृत

## देखिएका परिवर्तनहरू:



**उपभोक्ता समितिको अग्रसरता र बस्तीको ऐक्यबद्धताले गर्दा:**

- ☑ हरेक घरमा शौचालय निर्माण भयो र नियमित प्रयोगमा आयो।
- ☑ सबै घरमा **हात धुने स्थान, भाँडा सुकाउने चाङ**, र **फोहोर राख्ने खाडलहरू** बनाइयो।
- ☑ **"एक घर एक धारा"** अवधारणा कार्यान्वयन गरियो – अहिले सबै घरमा **सफा र सुरक्षित खानेपानीको धारा** पुगेको छ।
- ☑ बालबालिकाको स्वास्थ्य सुधार, महिला तथा आमाहरूको समयको बचत र सम्मानको अनुभूति भएको छ।

**परिणाम: गरिबीबाट गरिमामा**

आज गारापाखा बस्ती पछाडि पारिएको बस्ती होइन, उदाहरणीय बस्ती बनेको छ।
जहाँ पहिला निराशा थियो, आज त्यहाँ सफा धारा, चिटिक्क परेका शौचालय, र मुस्कानसहितको आत्मगौरव छ।

**निष्कर्ष:**

आठबिसकोट नगरपालिका सुस्वा आयोजना र वास इकाईको सहजीकरणमा, स्थानीय समुदायको नेतृत्व, विशेषगरी दलित र महिलाको सक्रिय सहभागिता, ले गारापाखा बस्तीमा दिगो परिवर्तन ल्याएको छ। साथै गारापाखा अब 'पानी र सरसफाइ' को मात्र होइन, 'सशक्तिकरण, सम्मान र पुनर्जागरण को पनि कथा हो।

## सफलताको कथा २

### समावेशी नेतृत्व र साझा प्रयासको उत्कृष्ट नमूना — डाँडागाउँ खानेपानी तथा सरसफाइ योजना

**योजना तथा उपभोक्ता समितिको नाम**— डाडागाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

**ठेगाना**—आठबिसकोट नगरपालिका, वडा नं. ११, रुकुम पश्चिम भाग



**समिति पदाधिकारी संख्या**— ९ जना

**समावेशी संरचना**— महिला ६ जना, पुरुष ५, दलित ४ जना र जनजाति ५ जना

**नेतृत्वमा समावेशिता र संवेदनशीलता :** डाँडागाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति एक उदाहरणीय योजना हो, जसले समावेशी नेतृत्व र साझा प्रयास मार्फत समुदायमा खानेपानीको पहुँच सुनिश्चित गरेको छ। समितिको नेतृत्व श्री कर्णबहादुर नेपालीले गर्नुभएको छ, जो स्वयं दलित समुदायका हुनुहुन्छ र उहाँ आफैं पनि अपाङ्गता भएको व्यक्ति हुनुहुन्छ। बोली व्यवहार, दृष्टिकोण र समर्पणका हिसाबले अत्यन्त प्रभावशाली र प्रेरणादायी व्यक्तित्व र दृढ इच्छाशक्ति, सामाजिक चेतना र समर्पणको उत्कृष्ट उदाहरणीय व्यक्तित्व हुनुहुन्छ .बोली, व्यवहार र समर्पणका दृष्टिकोणले पनि उहाँ एक असल व्यक्ति हुनुहुन्छ।






**समावेश नगरेका घरधुरीलाई सेवा प्रवाहमा ल्याएको :** सुरुमा योजना सुचारु हुँदा, सहभागी हुन नचाहेका ५ (पाँच) घरधुरीहरूलाई समिति अध्यक्ष श्री कर्णबहादुर नेपालीको पहलमा सहमत गराइयो। उहाँको नेतृत्वमा ती परिवारहरूलाई पनि योजनामा समेटिएको मात्र होइन, उनीहरूको लागि छुट्टै संरचनागत निर्माण गरियो — जसअनुसार ५ घरधुरीका लागि ४ घनमिटर क्षमताको आरभीटी (RVT) निर्माण समेत गरियो।



राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

**बिना विवाद — सहभागी र पारदर्शी कार्यान्वयन**



योजना कार्यान्वयनको क्रममा कुनै पनि विवाद हुन नदिन सबै उपभोक्ताहरूलाई श्रमदानमा प्रोत्साहित गर्नु र सबै संरचनाहरूलाई प्राविधिक डिजाइन अनुसार गुणस्तरीय रूपमा निर्माण गर्नु यस समितिको विशेष उपलब्धि मानिन्छ। समितिले उपभोक्ताबीच एकताको भावना सिर्जना गर्दै सहयोग र सहभागिताको वातावरण बनायो, जसले गर्दा योजना सफलतापूर्वक सम्पन्न भयो।

**सफलताका तत्वहरू— समावेशी समिति र अर्थपूर्ण सहभागिता**

— प्रारम्भमा असहमत भएका घरधुरीलाई योजना अन्तर्गत ल्याउने कुशल कूटनीति
— महिला, दलित, जनजाति रअपाङ्गता भयका व्यक्ति,लगायत सबै समूहको समानुपातिक समावेशिता
— सबै संरचनाहरू गुणस्तरीय रूपमा निर्माण
— विवादरहित, पारदर्शी र सहभागी प्रक्रिया

यसर्थ डाडागाउँ खानेपानी तथा सरसफाइ योजना एउटा **समावेशी, संवेदनशील र सामुदायिक नेतृत्वद्वारा सञ्चालित सफल आयोजनाको अनुकरणीय नमूना** हो। श्री कर्णबहादुर नेपालीको नेतृत्व, समाबेशी समिति र समुदायको अर्थपूर्ण सहभागिता, यस आयोजनाको राम्रो पक्ष हो। समितिले देखाएको इच्छाशक्ति र समुदायको सहभागिता यस क्षेत्रका अन्य योजनाहरूका लागि पनि प्रेरणादायी उदारहण बनेको छ।

## सफलताको कथा ३

### महिला नेतृत्वमा साकार भएको सिमबजार खानेपानी तथा सरसफाइ योजना



आठविसकोट नगरपालिका–११ सिमबजार स्थित **सिमबजार खानेपानी तथा सरसफाइ उपभोक्ता समिति**ले एउटा प्रेरणादायी सफलताको कथा रचेको छ — जुन साहस, सहभागिता, समावेशिता र दृढ इच्छाशक्तिको गाथा हो।

समितिको सुरुवाती चरणमा, आम भेलाबाट **११ सदस्यीय उपभोक्ता समिति** गठन गरियो, जसमा **६ जना महिला, ५ जना पुरुष, ४ जना दलित** र **५ जना जनजाती र अन्य समुदाय**का प्रतिनिधित्व थिए। सुरुमा अध्यक्ष पदमा पुरुष निर्वाचित भए पनि कार्यान्वयनको क्रममा **श्रमदान र नगद योगदान**का विषयमा समुदायमा मतभेद चुलिदै जाँदा **अध्यक्ष श्री पैले कामीले राजीनामा** दिनु पर्यो।

योजना अन्योलमा पर्दै जाँदा, **उपाध्यक्ष पदमा रहेकी श्री तुली बुढा**, जो हस्ताक्षर गर्न साक्षर मात्र थिइन् र जनजाती समुदायबाट प्रतिनिधित्व गरिरहेकी थिइन् — **आफ्नै नेतृत्वमा योजना अघि बढाउने आँट** गर्नुभयो। उहाँको यो साहसी निर्णय नै योजनालाई नयाँ जीवन दिने मोड बन्यो।





श्री बुढाको नेतृत्वमा, १२ किलोमिटर टाढाबाट पाइप ल्याउनु, समुदायलाई जनश्रमदानमा सक्रिय गराउनु र प्रत्येक **९९ घरधुरीमा एक घर एक धारा** निर्माण गर्नु जस्तो कठिन कार्यहरू सफलतापूर्वक सम्पन्न गरियो। साथै, उहाँकै पहल र संयोजनमा समुदायले **पूर्ण सरसफाइ सूचकहरू** पनि पूरा गर्दै गयो।

शैक्षिक रुपमा पूर्ण शिक्षित नभए पनि, **नेतृत्वको साहस, समाजप्रतिको समर्पण** र **व्यवस्थापन कौशल**का कारण **श्री तुली बुढा** आज एक **प्रेरणादायी महिला नेतृत्व**का उदाहरण बन्न सफल हुनुभएको छ। उहाँको यो यात्रा **"जहाँ इच्छा, त्यहाँ उपाय"** भन्ने भनाइलाई चरितार्थ बनाउने सफलताको गाथा हो।

यो कथा केवल एक योजनाको मात्र होइन, **महिला सशक्तीकरण, समावेशी नेतृत्व,** र **सामुदायिक एकताको** जीवन्त दस्तावेज हो। **सिमबजार बस्ती** र वहाँका बासिन्दाले देखाएको यो सफलताको यात्रा सम्पूर्ण आठविसकोट नगरपालिकाका लागि प्रेरणाको स्रोत बन्न पुगेको छ।



नि. प्रमुख प्रशासकीय

## अनुसूची४: भिजिविलिटी

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | दिवस सप्ताह तथा अभियानहरु संचालन गरिएको | दिवसहरु संग सम्बन्धीत मितिहरुमा कार्यक्रमहरु संचालन गरिएको | **ब्यानर, पर्चा, पम्पेलेट** |
| २ | सुचना पाटी | सम्बन्धी योजना क्षेत्रहरुमा | योजनाहरुको विवरणहरु उल्लेख गरिएको |
| ३ | योजना सुचना बोर्ड, IEC/BCC सम्बन्धी स्टिकर ब्यानर पर्चा र पोष्टरहरु प्रकाशन तथा वितरण | २०८१ असार | खानेपानी तथा सरसफाइ सम्वन्धी सुचनामुलक तथा व्यवहार परिवर्तन सम्बन्धी जानकारीहरु |
| ४ | राष्ट्रिय दैनिक पत्रिका | २०८१ पौष र फागुन | योजनाहरुको कोटेशन प्रकाशन गरीएको |


## अनुसूची ५: जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीकोनाम | कार्यालय | पद | जम्मा योगदान (महिनामा) |
|---|---|---|---|---|
| क. | नगरपालिका वास ईकाइ अन्तरगत रहने गरिः | | | |
| १ | नरेन्द्र के सी | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास संयोजक | १० |
| २ | बिरेन्द्र बटाला | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | प्राविधिक सहजकर्ता | १० |
| ३ | गोपाल बि सी | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास सहजकर्ता | १० |
| ४ | सुन्दर ओली | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| ५ | किशोर कुमार बुढा | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| ६ | मोहन बि क | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| ७ | दिनेश विष्ट | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| ८ | प्रज्वल बि क | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| ९ | प्रकाश कुमार शाह | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | वास प्राविधिक | १० |
| १० | कर्णबहादुर के सी | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | सामाजिक परिचालक | १० |
| ११ | बसन्त चन्द | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | सामाजिक परिचालक | १० |
| १२ | दिपक के सी | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | सामाजिक परिचालक | १० |
| १३ | नबिन चनेल | आठबिसकोट नगरपालिका, रूकुम पश्चिम भाग | सामाजिक परिचालक | १० |



नि. प्रमुख प्रशासकीय अधिकृत

## सम्पादित क्रियाकलापहरुका तस्विरहरुका झलकहरु:

| | | |
|---|---|---|
|  बेवि वास सम्बन्धि अन्तरक्रिया कार्यक्रम |  महिलाहरु नाप गर्दै पाइपलाइन खन्दै गरेको ….. |   सार्वजनिक स्थलमा IEC-BCC Material को प्रयोग |
|  रीठा बस्तीमा पुर्ण सरसफाइमा सक्रिय महिलाहरुलाइ प्रोत्साहन गर्दै वास सल्लाहकार श्री प्रमोद लाल श्रेष्ठ |  शौचालय अनुगमनमा SMLPR : सुनीता पुरी |   सिमखोली मर्मत खानेपानी योजनाको घेरवार |

राजेश
नि. प्रमुख प्रशासकीय अधिकृत



मर्यादित महिनावारी व्यवस्थापन तथा प्याड निर्माण तालिम



वडा नं ६ त्रिवेणीमा पुर्ण सरसफाइ अभियान



फिल्ड अनुगमनको क्रममा नगरप्रमुख, उपप्रमुख र निप्रप्रअ लगायतको टोली रिठा बहुउपयोगी खानेपानी योजनामा



सिमबजार खापायो आरभिटि निर्माणमा तालिममा सहभागी
Village Mantenance Workers : VMWs



डाडाँगाउँ खापायोको वाह्य सामग्रीहरुको भण्डारण



१० सेमि गहिरो पाइपलाइन खन्दै उपभोक्ताहरू ……
डाडागाउँ खानेपानी तथा सरसफाइ योजना

राजेश
नि. प्रमुख प्रशासकीय अधिकृत







आठबिसकोटका ४०० घरधुरीमा खानेपानी सुविधा

आठबिसकोटका घर घरमा खानेपानीको धारा







Kitchen Rack in Home: Tribeni,Ward N. 6



International Women Day Celebration

प्रतिवेदन तयार गर्ने
नरेन्द्र के.सी.
वास संयोजक

प्रमाणित गर्ने
ई. राजेश गौतम
नि प्रमुख प्रशासकीय अधिकृत